बैठकका निर्णयहरु:

१. कोभिड- १९ कोरोना भाइरस रोकथाम, पूर्वतयारी, प्रतिकार्य तथा नियन्त्रणको लागि देहाय बमोजिमको समिति गठन गर्ने

क. कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कार्यान्वयन सहजीकरण समिति

संयोजक - प्रमुख सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सदस्यहरु - सबै मन्त्रालय/निकायका प्रदेश सचिवहरु

सदस्य सचिव - रुपेश कुमार साह, अधिकृत नवौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

मुख्य जिम्मेवारी : क्षेत्रगत मन्त्रालयको आवश्यकता बमोजिम आवश्यक प्रशासनिक निर्णय लिन सहजीकरण गर्ने; मन्त्रालय/निकायबाट सम्पादन हुने कार्यहरुमा सहयोग,समन्वय र सहजीकरण गर्ने; प्रदेश मन्त्रिपरिषद् वा उच्चस्तरीय समितिमा पेश गर्नु पर्ने एजेण्डा तय गर्ने ; रोकथाम तथा नियन्त्रणको लागि आवश्यक स्रोत साधन जुटाउने; कानूनी र प्रशासनिक कार्यविधि सरलीकरण गर्न सहयोग गर्ने, अत्यावश्यक वस्तु तथा सेवा प्रवाह प्रभावकारी तुल्याउने, आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने ।

ख. माननीय सामाजिक विकास मन्त्रीज्यूको संयोजकत्वमा कोभिड १९ कोरोना भाइरस रोकथाम तथा उपचार व्यवस्थापन समिति र आवश्यकता अनुसारका उपसमितिहरु

ग. माननीय आन्तरिक मामिला तथा कानुन मन्त्रीज्यूको संयोजकत्वमा सूचना संकलन प्रतिकार्य तथा शान्ति सुरक्षा व्यवस्थापन समिति र आवश्यकता अनुसारका उपसमितिहरु ।

घ. माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूको संयोजकत्वमा अत्यावश्यक उपभोग्य सामान आपूर्ति सहजीकरण तथा बजार अनुगमन व्यवस्थापन समिति र आवश्यकता अनुसारका उपसमितिहरु ।

ङ. माननीय भौतिक पूर्वाधार मन्त्रीज्यूको संयोजकत्वमा कोरोना विशेष अस्पताल एवं अन्य भौतिक संरचना निर्माण एवं सुधार समिति ।

२. कोरोना भाइरस संक्रमण रोकथाम, उपचार तथा नियन्त्रण कोष स्थापना गर्ने । उक्त कोष स्थापना एवं संचालनको कार्यविधि तर्जुमा गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले मन्त्रिपरिषद्मा पेश गर्ने । उक्त कोषमा प्रदेश सरकारको तर्फबाट रु [illegible] करोड रकम जम्मा

गर्ने साथै प्रदेश मन्त्रिपरिषद्का मन्त्रीज्यूहरुले एक महिनाको तलब उक्त कोषमा जम्मा गर्ने । कोषमा रकम जम्मा गर्न सरकारी, सार्वजनिक, निजि संघ संस्था, व्यक्ति, उद्योगी व्यवसायी लगायत सबैमा सार्वजनिक सूचना मार्फत आव्हान गर्ने ।

३. सामाजिक विकास र आन्तरिक मामिला तथा कानून मन्त्रालयले रोकथाम उपचार तथा नियन्त्रणका लागि आवश्यक चिकित्सकीय उपकरण, औषधी, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलाई आवश्यक स्वास्थ्य सुरक्षा सामाग्री एवं इन्धन सवारी साधन लगायत अन्य भौतिक स्रोतसाधन र जनजीवनलाई सहज तुल्याउन आवश्यक पर्ने वस्तु तथा सेवाको आवश्यकता शिघ्र आँकलन गरी सो परिपूर्तिका लागि आवश्यक पर्ने रकम यकिन गर्ने । यस कार्यमा सहजीकरण तथा समन्वय समितिले समन्वय गर्ने ।

४. विश्वस्वास्थ्य संगठनको मिति ११ मार्च २०१९ को निर्णयबाट कोभिड-१९ महामारी घोषणा गरेको निर्णय, नेपाल सरकारबाट लागू लकडाउन लगायतको निर्णयहरु एवं विश्वव्यापी प्रभाव समेतको आधारमा वर्तमान अवस्थालाई विशेष परिस्थितिको रुपमा लिई क्षेत्रगत मन्त्रालय/निकायहरुले आवश्यकता र औचित्यताको आधारमा रोकथाम, उपचार तथा नियन्त्रणको लागि आवश्यक वस्तु तथा सेवा नियमानुसार शिघ्र खरिद गर्ने गराउने व्यवस्था मिलाउने ।

५. कोरोना रोकथाम, उपचार तथा नियन्त्रण सम्बन्धी प्राविधिक सूचनाहरुको प्रसारण एक द्वारबाट गर्न छुट्टै टेलिफोन सहायता कक्ष सहित सामाजिक विकास मन्त्रालयले एक जना बरिष्ठ प्राविधिक अधिकृतलाई कोरोना संक्रमण नियन्त्रण प्रवक्ता (फोकल प्वाइन्ट) तोक्ने । साथै प्रदेशका विभिन्न जिल्लामा रहेका चिकित्सकहरुको सूची तयार गरी टेलिक्लीनिक सञ्चालनको व्यवस्था मिलाउने ।

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले अत्यावश्यक उपभोग्य सामानको आपूर्ति व्यवस्था मिलाउन उद्योग वाणिज्य क्षेत्रका संघसंस्थाहरुसँग समन्वय गरी उपयुक्त खाका तयार गरी निर्देशन समितिमा पेश गर्ने

७. जनकपुर, वीरगंज र राजविराजमा जनस्वास्थ्य प्रयोगशाला स्थापना गर्न सामाजिक विकास मन्त्रालयले आवश्यक समन्वय गरी निर्देशन समितिमा पेश गर्ने । साथै निजि क्षेत्रका जनस्वास्थ्य प्रयोगशालालाई कोरोना परीक्षणको लागि एक्रिडिसन गर्ने सम्भाव्यताको अध्ययन एवं केन्द्रिय निकायसँग आवश्यक समन्वय गरी उपयुक्त खाका आगामी बैठकमा पेश गर्ने ।

***